(ख) गोप्य स्थान नजिकै बाहिरपट्टि मतपेटिका राख्ने टेबुल र त्यसैको छेउमा मत सङ्केत गर्ने स्वस्तिक छाप छ, छैन र गोप्य कक्षमा राखिएको छापदानीको प्याड माथि प्लाष्टिक वा कागजले ढाकिएको भए सो हटाएको छ, छैन र त्यस्तो प्लाष्टिक वा कागज हटाई सकेको रहेछ भने प्याडको मसी सुकेको छ, छैन ?

(ग) नमेटिने मसी वा मार्कर पेन पर्याप्त मात्रामा छ, छैन ?

(घ) मतपेटिका राखेको ठाउँ नजिकै हुने गरी मतदान अधिकृत बस्ने ठाउँ मिलाइएको छ, छैन ?

(ङ) मतदान केन्द्रको बाहिरी भागमा खुला ठाउँमा महिला, पुरुष वा अन्य मतदाताको लागि डोरी वा बाँस लगाई अलग-अलग पङ्क्तिबद्ध हुन सक्ने व्यवस्था गरिएको छ, छैन, र महिला, पुरुष वा अन्य लेखिएको कागज टाँसेको वा झुण्ड्याइएको छ, छैन ?

(च) मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता पङ्क्तिबद्ध हुने ठाउँमा झुण्ड्याइएको वा टाँसिएको छ, छैन ?

(छ) पङ्क्तिबद्ध भएका मतदाता मतदान केन्द्रभित्र मतदानका लागि प्रवेश गर्ने प्रवेशस्थलमा मतदाताको नाम रुजु गर्ने, महिला, पुरुष वा अन्यको तथ्याङ्क फाराम भर्ने, औंलामा चिनो लगाउने र मतदातालाई मतपत्र दिने कर्मचारी, स्वयंसेवक तथा सहायक मतदान अधिकृत बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन ?

(ज) मतदान गरिसकेको व्यक्ति पुनः मतदानस्थलतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाइएका छ, छैन ?

(झ) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध छ, छैन ?

(ञ) उम्मेदवार वा मतदान प्रतिनिधि वा निर्वाचन प्रतिनिधिहरू बस्ने स्थान ठीक छ, छैन ?

(ट) मतदान केन्द्रमा मतदानका लागि मतदाताको नामावली ठीक छ, छैन ?

(ठ) मतदान केन्द्रभित्र कुनै उम्मेदवार वा राजनीतिक दलको कुनै किसिमको प्रचार सामग्री छ, छैन ?

(ड) निर्वाचन हुने पदका लागि प्रतिस्पर्धा गर्न खडा भएका सबै उम्मेदवारको निर्धारित निर्वाचन चिह्न मतपत्रमा छ, छैन ?

३३. **मतपेटिका सम्बन्धी व्यवस्था** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानका लागि एउटा मतपेटिका राख्नु पर्नेछ । त्यस्तो मतपेटिकामा मतदान अधिकृतले मतदान कार्य प्रारम्भ हुनुभन्दा पहिले नै मतदान केन्द्रको नाम, गाउँपालिका वा नगरपालिकाको नाम, वडा नम्बर

परिच्छेद-११

## मतदान केन्द्रबाट प्रस्थान

७२. **मतपत्र भएको मतपेटिका र साथमा रहन सक्ने व्यक्ति** : (१) मतदान कार्य समाप्त भइसकेपछि मतदान अधिकृतले सिलबन्दी गरिएको मतपेटिका र मतदान सम्बन्धी अन्य कागजात साथमा लिई यथासम्भव छिटो सुरक्षितसाथ निर्वाचन अधिकृतको कार्यालयतर्फ प्रस्थान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतले मतदान केन्द्रबाट मतपेटिका लिएर निर्वाचन अधिकृतको कार्यालयतर्फ जाँदा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि मतदान अधिकृतसँगै मतपेटिकाको साथमा जान चाहेमा मतदान अधिकृतले आफूसँग आउन दिनु पर्नेछ र बास बस्नुपर्ने अवस्थामा मतपेटिका राखेको कोठा बाहिर बस्न चाहेमा बस्नको लागि अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान अधिकृतसँग साथमा आउने व्यक्तिलाई कुनै अवस्थामा पनि मतपेटिका समाउन वा छुन भने दिनु हुँदैन ।

७३. **मतपेटिका र मतदान सामग्री बुझाई भरपाई लिने** : (१) मतदान अधिकृतले मतपेटिका, प्रयोग नभएका मतपत्र र खामबन्द गरिएका कागजात, वितरण गर्न बाँकी रहेका मतदाता परिचयपत्र तथा निर्वाचन सम्बन्धी सम्पूर्ण सामग्री आफू खटिएको सम्बन्धित निर्वाचन अधिकृतलाई अनुसूची-२ बमोजिमको फारममा उल्लेख गरी बुझाई दिनु पर्नेछ । निर्वाचन अधिकृतले मतदान अधिकृतबाट निर्वाचन सामग्री बुझिलिएपछि स्थानीय तह निर्देशिका, २०७३ को अनुसूची-४६ बमोजिमको भरपाई गरी मतदान अधिकृतलाई दिनु पर्नेछ ।

(२) मतपेटिका ढुवानी गर्दा मतपेटिकाको सुरक्षणसिल चुँडिएको देखिएमा मतदान अधिकृतले त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले पनि मतदान अधिकृतसँगै आएको उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिबाट समेत सो कुराको जानकारी वा प्रतिवेदन लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सामग्री बुझाउँदा मतदान अधिकृतले आफ्नो डायरी (पोलबुक) र मतदान गर्ने महिला, पुरुष वा अन्य मतदाताको तथ्याङ्क फाराम सिलबन्दी नगरी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

७४. **मतपेटिका बन्द गरेको बिर्कोको सुरक्षणसिल चुँडिएमा** : दफा ७३ को उपदफा (२) बमोजिमको प्रतिवेदनबाट कसैको गलत क्रियाकलापका कारणले मतपेटिका बन्द गरेको सुरक्षणसिल चुँडिएको होइन भन्ने कुरा प्रमाणित भएमा बाहेक मतपेटिकामा लगाएको सुरक्षणसिल जानाजानी कसैले चुँडाएको प्रमाणित भएमा वा आशङ्का लागेको अवस्थामा निर्वाचन अधिकृतले सो कुराको प्रतिवेदन निर्वाचन आयोगमा तुरुन्त दिनु पर्नेछ र त्यस्तो अवस्थामा निर्वाचन आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

अनुसूची-१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

.................. जिल्ला

................. गाउँपालिका/नगरपालिका

.................................... मतदान केन्द्र

**विषय : स्वयंसेवक नियुक्ति ।**

श्री ...............................................

.................................................. ।

यस मतदान केन्द्रमा निर्वाचनको काममा सहयोग गर्न तपाईंलाई मिति २०७....../......./....... देखि मिति २०७....../......./....... सम्म स्वयंसेवकको रूपमा नियुक्त गरिएको छ ।

स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने सन्दर्भमा तपाईंले मतदान अधिकृतले खटाएको कार्य इमान्दारीपूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

मिति : २०७ ....../...../.....

.......................

मतदान अधिकृत

अनुसूची-२

(दफा ७३ सँग सम्बन्धित)

**मतदान अधिकृतले निर्वाचन अधिकृतलाई मतदान सामग्री बुझाएको विवरण**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
........................ गाउँपालिका/ नगरपालिका

.................. जिल्ला, .................... गाउँपालिका/महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको वडा नं. ................ मा रहेको ..............................मतदान केन्द्रमा मतदान अधिकृतको रुपमा खटिएकोमा मतदान कार्य सम्पन्न गरी सो मतदान केन्द्रसँग सम्बन्धित निम्न लिखित सामग्री बुझाउन उपस्थित भएको छु। संलग्न विवरण अनुसारका सामग्री बुझिलिई सोको भरपाई पाउन अनुरोध छ।

**सामग्रीको विवरण**

१. मतपेटिकाः (क) रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दि गरेको सिल नं. ..................... ।

(ख) मतपत्र रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दि गरेको सिल नं. ..................... ।

(ग) मतपत्र रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दि गरेको सिल नं. ..................... ।

( मतपेटिकाको संख्या अनुसार विवरण थप्ने)

२. स्टाम्प प्याड ..............

३. मतसंकेत छाप ........ (क) पित्तल .......... (ख) रबर ..........

४. स्केल (संख्या) .......

५. मतदाताको नाम रुजू गरी रेजा (✓) चिन्ह लगाएको मतदाता नामावली

६. मतपत्रको अर्धकट्टी सिलवन्दी खाम थान ...........।

७. मतदान अधिकृतको सही नभएको (मतदानमा प्रयोग नभएका) मतपत्र रहेको सिलबन्दी खाम थान.....।

(क) सि. नं .................देखि .................सम्मका थान..........।
(ख) सि. नं .................देखि .................सम्मका थान..........।
(ग) सि. नं .................देखि .................सम्मका थान..........।
(घ) सि. नं .................देखि .................सम्मका थान..........।

८. मतदान अधिकृतको सही भएको तर मतदानमा प्रयोग नभएको मतपत्रको सिलबन्दी खाम

(क) सि. नं .................देखि .................सम्मका थान..........।

(ख) सि. नं .................देखि .................सम्मका थान..........।

(ग) सि. नं .................देखि .................सम्मका थान..........।

(घ) सि. नं .................देखि .................सम्मका थान..........।

९. मतपेटिका बाहिर रहेको मतपत्रको सिलबन्दी खाम ।

(क) सि. नं .................देखि .................सम्मका थान..........।

(ख) सि. नं .................देखि .................सम्मका थान..........।

१०. मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएको मतपत्र रहेको सिलबन्दी खाम ।

(क) सि. नं .................देखि .................सम्मका थान..........।

(ख) सि. नं .................देखि .................सम्मका थान..........।

११. विरोध गर्ने व्यक्ति र विरोध भएको मतदाताको सूची रहेको सिलवन्दी खाम ।

(क) सि. नं .................देखि .................सम्मका थान..........।

(ख) सि. नं .................देखि .................सम्मका थान..........।

१२. विरोध सम्बन्धी निर्णय किताव थान.....

१३. धरौटी जफत गरेको रकम रु ........

१४. निविदा मतपत्रको सिलबन्दी खाम थान.............. ।

१५. निविदा मतदान सम्वन्धी फारमहरुको सिलबन्दी खाम थान........................... ।

१६. फाराम नं. ....... बमोजिम मतपत्रको फाँटवारी ।

१७. पोलवुक ।

१८. वितरण गर्न बाँकी रहेका मतदाता परिचयपत्र थान...................

१९. मतदाता परिचयपत्र बुझाएको भर्पाइ थान..............................।

मतदान अधिकृतको सही : ........................

नाम : .......................

मिति : ......................

समय : ......................

---

उपर्युक्त बमोजिमको सामग्री प्राप्त भयो ।

मिति : ........................ .......................

समय : ....................... निर्वाचन अधिकृत